ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २५८
६ जेठ २०८० बुधबार
21 Jun. 2023, Wednsday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-
सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## मधेश प्रदेशमा १० हजार कुपोषित बालबालिका

**अजयकुमार झा**

**असार ५ गते, जनकपुर**



मधेश प्रदेशका जिल्लाहरूमा बालबालिकाको पोषणको अवस्था निक्कै दयनीय भएको बताउँदै पोषणमा सुधारका लागि एकीकृत प्रयासको खाँचोमा जोड दिइएको छ ।

मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयले आज जनकपुर धाममा आयोजना गरेको प्रदेश स्तरीय पोषण कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा कार्यक्रममा सहभागीहरूले खास गरेर ६ महिना देखि ५९ महिनासम्मको बालबालिकाको पोषण सुधारका लागि तीनै तहका सरकारको एकीकृत प्रयास एवं लगानी जरुरी रहेको वक्ताहरूले बताउनभयो ।

मधेश प्रदेशमा महिलाको स्वास्थ्य अवस्थामा सुधार गरि गर्भधारण गरेदेखि नै गर्भवती महिलाको स्वास्थ्यमा विशेष हेरचाहका साथै पोषिलो खाने कुरा खान लगाउने, आइरन चक्की अनिवार्य खुवाउन लगाइने र पटक पटक स्वास्थ्यको परीक्षण गरेको खण्डमा कुपोषित शिशु जन्म लिने सम्भावनालाई कमगर्न सकिने सहभागीहरूले जोड दिनुभयो ।

मधेश प्रदेशका दलित, मुस्लिम तथा गरिब विपन्न परिवारका बालबालिकामा कुपोषणको अवस्था अझै दयनीय भएको कार्यक्रममा मधेश प्रदेशको समग्र अवस्थाका बारेमा कार्यपत्र प्रस्तुत गर्दै प्रदेश स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य प्रशासक श्रवण नायकले जानकारी दिनु भएको छ ।

मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष नाथु प्रसाद चौधरीले मधेश प्रदेशको शहरी क्षेत्रमा मात्र होइन ग्रामीण क्षेत्रमा पनि बालबालिकाहरूले जंकफूड अत्यधिक मात्रामा खाने प्रवृत्ति बढेको र रैथाने बालीको उत्पादन लोप हुन लागेकाले पोषणको अवस्था कमजोर बनेको बताउनुभयो । उहाँले मधेश प्रदेश मानव सूचकाङ्कको दृष्टिकोणले सातै प्रदेशभन्दा कमजोर अवस्थामा पुग्नु चिन्ताको विषय भएको बताउँदै पोषणको अवस्थामा सुधारका लागि प्रदेश सरकारले यस वर्ष विशेष कार्यक्रम ल्याएपनि यसको सफलताका लागि सबै निकायको एकीकृत प्रयास आवश्यक भएको बताउनुभयो ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादवले मधेश प्रदेशमा ६ महिना देखि ५९ महिनाका कूल बालबालिका मध्ये १० हजार बालबालिका कुपोषित रहेको बताउँदै कुपोषणलाई अभिभावहरूले सामान्य रुपमा लिने गरेको बताउनु भयो ।

उहाँले मधेश प्रदेशमा संघ तथा प्रदेश सरकारको सञ्चालन गरेको ३ वटा पोषण सुधार केन्द्रबाट वर्षको १ हजार कुपोषित बालबालिकाले लाभ पाएको बताउँदै प्रदेशमा थप ३ वटा जिल्लामा प्रदेश सरकारले पोषण सुधार केन्द्र स्थापना गर्न लागेको बताउनुभयो ।

मधेश प्रदेशका जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवण कुमार मिश्रले बालबालिकालाई कुपोषित हुनबाट जोगाउनका लागि महिलाले गर्भधारण गरेदेखि नै विशेष ध्यान दिन आवश्यक भएको बताउनुभयो ।

युनिसेफका प्रतिनिधि आनन्द योगा तामाले मधेश प्रदेश सरकारले कुपोषण हुनबाट बालबालिकालाई जोगाउनका लागि गरेको प्रयासको सराहना गर्दै मधेश प्रदेशको मानव सूचकाङ्क कमजोर हुनुमा पोषणको अवस्था कमजोर हुनु एक कारण भएको बताउनुभयो ।

सभापतिको आसनबाट मधेश प्रदेशका स्वास्थ्य निर्देशक डा. राजीव झाले बालबालिकालाई कुपोषणबाट जोगाउनका लागि आमाको स्वास्थ्य अवस्था, खानपान, अनिवार्य आइरन चक्कीको सेवन, गर्भ परीक्षण तथा बच्चा जन्म भएपछि जति छिटो शिशुलाई स्तन पान गराउने तर्फ ध्यान दिन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाका स्वास्थ्य कार्यालयका प्रमुखहरू, तथ्याङ्क अधिकृतहरू, स्वास्थ्य तथा योजना अधिकृतहरू, पोषणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू सहभागी रहेको सो कार्यक्रममा मधेश प्रदेशमा देखिएको कमजोर पोषण अवस्थामा सुधारका लागि विशेष योजना तयार पार्ने स्वास्थ्य निर्देशनालयका पोषण कार्यक्रमका संयोजक विजय यादवले जानकारी दिनु भएको छ ।

बालबालिकाहरूलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

## सिरहामा उत्खनन माफिया यादवको आतंक, वन खनेर विनास गर्दै, प्रहरी उठाउँछन महिनवारी



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, सिरहा**

सिरहा जिल्लाभरिमा उत्खनन माफियाको आतंकले सिरहावासी आतंकित छ । सिरहाको नरहा गाउँपालिका वडा नं. ३ स्थित करोडौंको ग्राभेल खनेर वन नास गरेका ग्राभेल माफिया रामबाबु यादवलाई सिरहा प्रहरीले संरक्षण दिएका छन् ।

जिल्ला समन्वय समिति सिरहा र सिरहा प्रहरीको प्रत्यक्ष संलग्नतामा करोडौंको अवैद्य उत्खनन गरेका उत्खनन माफिया रामबाबु यादवलाई प्रहरीले अझै संरक्षण दिरहेको पाईएको छ ।

जिल्ला समन्वय समिति सिरहाले समय समयमा १५ देखि २० हजार सम्मको जरिवाना देखाएर करोडौको ग्राभेल मिलोमत्तोमा बेच्ने गरेको छ ।

वन नास गरी वनबाटै २० फिटभन्दा तलसम्म ग्राभेल उत्खनन गरेको छ । नरहा गाउँपालिका वडा नं. ३ स्थित वनमा बर्षौदेखि प्रहरीकै नाकमुनीबाट ग्राभेल ओसार पोसार समेत गर्ने गरेको छ ।

सिरहाको गोलबजार नगरपालिका वडा नं. ९ स्थितबाट समेत उत्खनन माफिया रामबाबु यादवले दर्जनौ ट्रिपर लगाएर करोडौंको ग्राभेल उत्खनन गरिरहेका छन् । ईलाका प्रहरी कार्यालय मिर्चैयाको प्रत्यक्ष संलग्नतामा करोडौंको ग्राभेल उत्खनन गरी बेच्दा प्रहरीले चुईक्क नबोलेको स्थानीयहरुले आरोप लगाएका छन् ।

राती १० बजेपछि रातभरि नै दर्जनौ ट्रिपरमा लाखौंको ग्राभेल ढुवानी गर्ने गरेको छ । वनमा अवैद्य उत्खनन जारी रहँदा डयुटीमा रहेका प्रहरीले नै ट्रिपर पार गराउने गरेको छ । नरहा ३ चोहर्बाचोक लगत्तै यतिको दिनदेखि उत्खनन भईरहँदा समेत सोही ठाउँमा डयुटीमा रहेका प्रहरीले नै हरिभ्भण्डी दिने गरेको छ ।

भू-माफियाको नामले समेत चिनिने रामबाबुले प्रहरीलाई पोकेटमा राख्ने गरेको तर्क दिरहेका छन् ।

उनले सिरहका पत्रकारहरुलाई समेत गोजीमा लिएर हिँडेको प्रतिक्रिया दिएका छन् । जानकारी अनुसार, यादवबाट सिरहाका पत्रकारहरुले समेत मासिक बुझ्ने गरेका छन् ।

जिल्ला समन्वय समिति सिरहाका अध्यक्ष दिनेश महतोको प्रत्यक्ष ईसारा र मिलोमत्तोमा अवैद्य उत्खनन जारी रहेको छ । विभिन्न समयमा माफियाद्धयको बारेमा समाचार आएपनि समन्वय समितिले मिडियावाजीको लागि १५ हजारको जरिवाना काटेर लाखौंको ग्राभेल बेच्ने गरेको आरोप छ ।

पत्रकार पुग्दा मिर्चैया प्रहरीले नै उत्खननकर्ता चालकहरुको ट्रिपर भगाउने गरेका छन् । माफियासँगको प्रत्यक्ष सम्पर्कमा रहेका मिर्चैया प्रहरीले उनीहरुबाट मासिक बुझेर लाईन दिएको छ ।

## जनकपुमा मिथिला थाली होटल सञ्चालन

**खबर दर्पण समाचारदाता**

**असार ५ गते, जनकपुर**

जनकपुरधाममा मास्टर सेफ सन्तोष साहको मिथिला थाली सञ्चालनमा आएको छ । मंगलबार जनकपुरधाम उपमहानगरपालिका रमान्नद चोकमा मिथिला थाली नामको होटेल शुभारम्भ भएको छ ।

बासको व्यवस्थासहित सेफ साहले जनकपुरधाममा पहिलो पटक होटेल सञ्चालनमा ल्याएका छन् । एक करोड ८० लाखको लागतमा होटेल बनाइएको छ । होटेलको हरेक समानमा मिथिला झल्किाइएको छ । मिथिलाको परिकारलाई स्थापित गर्ने उद्देश्यले होटल सञ्चालन गरेको सेफ साहले बताए । उनका अनुसार हिमालय ग्लोबल इन्भेष्टमेन्ट कम्पनीको होटेलमा लगानी छ । सो कम्पनीले मिथिला थालीको पाँच वर्षमा पाँच सय शाखा सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ । दोस्रो छिट्टै कतारको दोहामा सुरु गरिने उनले जनाए । मिथिलाको श्रमिकहरुलाई लक्षित गरी त्यहाँ होटेल सञ्चालनमा ल्याउन लागिएको छ । 'मिथिलाको परिकारहरु उपेक्षामा पर्न थालेको छ ।

नयाँ पुष्ताले बिर्सिँदै गइरहेको छ,'उनले भने,'हामीले मिथिला खाना स्वाद फर्काउने प्रयास गरेका छौं । मिथिलाको परिकारलाई स्थापित गर्न खोजेका छौं ।' बीरिया, ओल, तरुवा, तिलौरी लगायतको परिकार चुलोको स्वादमा खुवाइने उनले बताए । सेफ साहले आम्दानीको प्रत्येक तीन रुपैयाँमा एक रुपैयाँ स्थानीय समाज कल्याणमा खर्च गरिने अवधारणा रहेका बताए । आम्दानीबाट केही रकम स्थानीय




बाल आश्रम र अनाथ आश्रममा दिइने उनको भनाई छ । मूल्यमा पनि एकरुपता ल्याउने उनले बताए । दुई सय पच्चास रुपैयाँमा शाकाहारी खानाको १७ परिकार खुवाइने छन् । मांसाहारी र शाकाहारीको छुट्टाछुट्टै किचेन राखिएको छ ।

तीन सय जना अटाउन हल र सात वटा कोठाको समेत व्यवस्था छ । होटेलमा मिथिला खाना पाउनुको साथै मिथिलाका केही कच्चा परि कार बिक्रीको लागि पनि राखिएको छ । सिजन अनुसार अरकोच, ओल, आलसको तीलौरी लगायतको परिकार होटेलबाटै सस्तो मूल्यमा बिक्री गर्ने उनले बताए ।

## सम्पादकीय ...............

# तापक्रमले नयाँ रेकर्ड राख्दै

देशभर गर्मी बढेको खबरले छापामा प्राथमिकता पाएको देखियो। विभिन्न सहरमा तापक्रमले नयाँ रेकर्ड राख्यो। अत्यधिक गर्मीका कारण बालिनाली सुकेकादेखि लु लागेर मानिस मरेकासम्म खबर आए। असामान्य तापक्रमले बाली तथा जन्तुका बायोलोजिकल पद्धतिमा प्रतिकूल असर पार्ने भएकाले अति जाडो र अत्यधिक गर्मीले अन्ततः वनस्पति र जीवको सन्तुलनलाई भत्काउँछ। पछिल्ला केही दशकदेखि पृथ्वीको तापमानमा धेरै उतारचढाव आएका छन्।

तापक्रमको असहजतासँग जुध्न नसक्दा केही बालीनाली नासिन्छन्। तर एउटाको लागि प्रतिकूल मौसम अर्को पक्षका लागि सहज हुन सक्ने भएकाले वातावरणीय परिवर्तनले बोटबिरुवाको चरित्र फेरिन्छ। वनस्पतिको वर्चस्वमा बदलाव आउँछ। नयाँ प्रजातिले भौगोलिक सर्वोच्चता कायम गर्छ। अनि एउटा निश्चित वनस्पतिमा आश्रित जीवजन्तुको जनसंख्या प्रभावित हुन्छ। नेपालमा बाँदरको संख्या एक्कासि बढ्नुको कारण स्थानीय वनस्पतिको फेरबदल अथवा बासस्थानको परिवर्तन भन्दा अन्यथा हुन्न नै।

आज रहेका वनस्पति र जीव अर्को युगमा अस्तित्वमा नरहनुमा पृथ्वीको अवस्थामा आउने परिवर्तन नै हो। लाखौं वर्षअघि राज गर्ने डाइनासोरहरू फोसिल्स मा समाधि लिए भने नयाँ जीवहरू अस्तित्वमा आए। त्यसैले आज विश्वमा आधिपत्य जमाएको मानिस अर्को युगमा हराउने त हैन भन्ने चिन्ता हुनु अस्वाभाविक होइन। आफ्नो सन्ततिको भविष्य दाउमा लाग्न सक्ने भएकाले पृथ्वीको स्वास्थ्य अवस्थाबारे ब्याकुल हुनु मानव दायित्व रह्यो।

आफ्नो शारीरिक अवस्था एकिन गर्न वार्षिक स्वास्थ्य परीक्षणका लागि डाक्टरकहाँ गइन्छ। चिकित्सकले मुटु, कलेजो, फोक्सो, मिर्गौलालगायतका सबै भाइटल अर्गेन्सहरू परीक्षण गर्छन्। महत्वपूर्ण तन्तुमा समस्या आए तुरुन्तै ज्यानसमेत जान सक्ने भएकाले डाक्टरले आफ्नो निदानमा भाइटल अर्गेन्सहरूलाई केन्द्रमा राख्छन्। सबै दुरुस्त भएर पनि कुनै एउटा मात्र महत्वपूर्ण अंगले आफ्नो दायित्व निर्वाहमा अनुत्तीर्ण हुँदा ठूलै समस्या आउने भएकाले अविलम्ब इलाजको दरोकार पर्छ। शरीरको एउटा मात्र भाइटल अर्गेन आफ्नो कर्तव्य पालनमा चुक्दा व्यक्तिको मरण अपरिहार्य भएझैं पृथ्वीका कुनै पनि महत्वपूर्ण पक्षमा आघात पर्दासमेत अन्ततः मानव सभ्यता नै नासिन्छ भन्ने बुझ्न आवश्यक छ।

# रामायणकी सीताबारे यत्रो विवाद, आजकी सीताबारे किन सबै मौन?

जीवन क्षेत्री

नेपालमा पोडकास्टका नाममा कुनै फुर्सदिलो मानिस ल्याएर घन्टौं उसका अन्टसण्टन्ट कुरा सुन्ने र उसको अहंकार तुष्टि गर्ने लहर चल्नुभन्दा पहिल्यैदेखि भृकुटी राई र इतिसा गिरीले चलाउने गरेको 'बोजु बजै' ले सरल भाषामा गहन विषयहरूको उठान र चोटिलो विमर्श गर्दै आएको छ।

त्यही पोडकास्टको सब्स्ट्याक पेज 'कोल्ड टेक्स बाइ बोजु बजै' बाट हालै मेरो इमेलमा एउटा पोस्ट आयो – ह्वाट वुड सीता डु?

त्यसको अन्तिमतिर यो अनुच्छेद छ – यदि आजको नेपालमा सीता हुन्थिन् भने रामले परित्याग गरेकी एकल आमा भएकाले उनी वडा कार्यालयमा गएर घोषणा गर्नुपर्थ्यो, मेरा केटाकेटीका बाबु रामको अत्तोपत्तो छैन। त्यसपछि मात्रै उनले आफ्नो नागरिकताका आधारमा सन्तानलाई नागरिकता दिलाउन सक्थिन्। कथंकदाचित रामायणमा भनिएझैं पछि गएर राम केटाकेटीको पितृत्व दाबी गर्न आए भने झुटा बोलेको आरोपमा सीताले जरिवाना तिर्न र जेल जानुपर्थ्यो।

यो एउटै अनुच्छेदले अहिले नेपालमा एउटा फिल्म र नागरिकता ऐनका विषयलाई लिएर चलिरहेको राष्ट्रवादी हौवालाई जमिनमा अवतरण गराउँछ।

र, कमै सोधिने तर नसोधी नहुने एउटा प्रश्न सोध्छ – शास्त्रमा लेखिएकी सीताका विषयमा यत्रो विवाद, सरोकार, बहस र खिचातानी हुँदा आजका दिनमा स्वतन्त्र नागरिक बन्ने चेष्टाकै कारण राज्यबाट अपमानित सीताहरूबारे हाम्रो चिन्ता खै? नागरिकता ऐनमा यस्तो विभेदकारी प्रावधान राख्न पाइँदैन भनेर आवाज बुलन्द भएको खै?

हालै यस विषयमा क्लबहाउसमा भएको एउटा पेचिलो बहसमा मैले उक्त अनुच्छेद पढेर सुनाएँ। पक्ष र विपक्षमा बहस भयो।

'आदिपुरूष' फिल्मको एउटा संवाद र त्यसका लेखकले बोलेको एउटा वाक्यका कारण काठमाडौं महानगरपालिकामा हिन्दी फिल्म निषेध गर्ने मेयर बालेन शाहको निर्णयको पक्षमा हुने साथीहरूले तर्क गरेः

– राम र सीता बाँचेको समयमा अहिलेको नेपाल र भारत थिएनन् होला तर अहिले त जनकपुर नेपालमा पर्छ र सीता नेपालकी सांस्कृतिक विम्ब बनिसकेकी छन्। त्यसैले उनलाई भारतीय वा भारतमा जन्मेकी भन्न मिल्दैन।

– भारतले गर्ने धेरै बलमिच्याइँमध्ये सांस्कृतिक थिचोमिचो पनि एक हो। त्यसैले त्यसको जसरी सकिन्छ उसरी प्रतिकार गर्नुपर्छ।

– कानुनले महानगरको मेयरलाई फिल्म रोक्ने अधिकार नदिएको हुन सक्ला तर देशको सार्वभौमसत्ताको रक्षा गर्नु सबैको कर्तव्य हो भनेर संविधानमै लेखिएको छ, त्यसैले फिल्म रोक्नु उसको कर्तव्य हुन्छ, आदि।

यो सिंगो प्रकरणमा मेरा तीन आधारभूत तर्क थिए।

एक, कुनै फिल्ममा भएको संवाद वा त्यसका लेखकले भनेको कुराबाट आक्रोशित हुन वा प्रतिवाद गर्न पाइन्छ। त्यस्तो कलाकर्म बहिष्कार गर्न पनि पाइन्छ। त्यसैले यो प्रकरणमा बालेनले विधिवत रूपमा र निर्विवाद गर्न सक्ने एउटा काम थियो – फिल्म हेर्न हलमा नजाने। वास्तवमा यो त्यतिमै सिद्धिनुपर्ने कुरा थियो।

दुई, यो देशको सार्वभौमसत्ता के हो र त्यो कसरी सुरक्षित हुन्छ भनेर निर्धारण गर्ने ठेक्का कसको हो? सार्वभौमसत्तामा आँच आउने कुरा हलमा नदेखाइयून् भनेर चलचित्र सेन्सर बोर्ड र ाखिसकेपछि, उसले एउटा संवाद हटाएर फिल्म देखाउने अनुमति दिएपछि, महानगरले कुन कानुनी प्रावधानमा टेकेर नगर प्रहरी पठाएर फिल्म रोकेको हो?

तीन, सार्वभौमसत्ता सम्पन्न देशको स्वतन्त्र नागरिक हुनुका नाताले संसारको जहाँसुकै बनेको साहित्य वा कलाकर्म हेर्न, सुन्न वा पढ्न मैले पाउने कि नपाउने? कि मैले अबदेखि आफ्नो र कला-साहित्यको बीचमा 'राष्ट्रवादी' सेन्सरसिपको पर्खाल स्वीकार गर्नुपर्ने हो? हामीले स्थानीय निकायहरूमा काम गर्ने प्रतिनिधि चुनेको हो कि हाम्रा लागि केकस्ता कलाकर्म स्वीकार्य हुन् भनेर सेन्सर गर्ने, हाम्रो विचार निर्माणको प्रक्रियामै हस्तक्षेप गर्ने इरानी पाराको 'मोरालिटी पुलिस' चुनेको?

यो प्रकरणमा विकास भएका घटनाक्रमहरूले भविष्यमा सिर्जना हुने यस्ता बहसहरू, तिनले बनाउने भाष्य र त्यसले आम नागरिकका जीवनमा पार्ने प्रत्यक्ष प्रभावहरूका कारण यसलाई विस्तारमा बुझ्न र विमर्श गर्न आवश्यक छ।

जुन समयमा नेपालमा फिल्मविरोधी राष्ट्रवादको उभार आयो, त्यसभन्दा केही दिनअगाडि मात्रै एक युवाले काठमाडौंको केन्द्रमा आत्मदाहको प्रयास गरे। यही उभार चल्दाचल्दै पूर्वबाट चलेको मनसुनको ताण्डवका कारण झण्डै दर्जन जनाको मृत्यु भयो, एक दर्जनभन्दा धेरै मजदुर त एउटै जलविद्युत आयोजनाको स्थलबाट बेपत्ता भए।

हेर्दा यी दुवै फुटकर घटनाजस्ता लाग्छन्। तर एकपल्ट ठन्डा दिमागले सोचौं त, नागरिकता पाउने संवैधानिक अधिकारका बाबजुद पूर्व राष्ट्रपतिको असंवैधानिक कदम र न्यायालयको निरन्तरको अनुदार रवैयाका कारण वर्षौंवर्ष नागरिकता नपाएका, उच्च शिक्षामा भर्ना हुन र बैंक खातासम्म खोल्न नपाएका झन्डै ६ लाख नागरिकको बिजोग कति गम्भीर कुरा हो?

त्यस्तै महिनौंको खडेरीपछि देशमा प्रवेश गरेको मनसुनले सुरूआती दिनमै यत्रो धनजनको क्षति गरेपछि अबको डेढ महिनासम्ममा हुन सक्ने क्षति र त्यसको न्यूनीकरणका लागि गर्नुपर्ने तयारी कति गम्भीर कुरा हुन्?

यी दुवैलाई एउटा फिल्ममा 'सीता भारतकी छोरी हुन्' संवाद भन्ने र ाखिएको कुरा र सामान्य ज्ञानमा कमजोर एउटा भारतीय नागरिकले कुनै बेला नेपाल भारतको भूभाग थियो भनेको बकम्फुसे कुराको सापेक्षमा राखेर हेरौं त!

एकातिर लाखौं मानिसको नैसर्गिक अधिकार कुल्चिएको र दैनिक जीवन चौपट भएको छ। अरू लाखौंलाई यो बर्खाभरि बाँचिने हो कि होइन भन्ने भय छ। अर्कोतिर मानिसहरूको 'भावनामा चोट पुगेको' छ।

यीमध्ये कुन चाहिँ नेपालको राष्ट्रिय मुद्दा बन्नुपर्थ्यो? सिंगो देश खटिएर समस्याको समाधान खोज्नुपर्थ्यो। अनि कुनलाई खाली बेवास्ता गरे पुग्थ्यो? सार्वजनिक विमर्शको यस्तो विषयान्तर असाध्य गम्भीर र डर लाग्दो कुरा हो।

यी त भए नेपालको परद्वेषी र ाष्ट्रवादका केही व्यावहारिक पाटा। अब त्यसका केही सैद्धान्तिक पक्ष हेरौं। जसरी नश्लभेदी वा जातिभेदीहरूले मानिसलाई नश्ल र जातका आधारमा अपरिवर्तनीय समूहहरूमा बाँड्छन्, उग्र र ाष्ट्रवादीहरूले पनि राष्ट्रियताका आधारमा मानव जातिलाई त्यसरी नै बाँड्छन्।

त्यसो गर्नासाथ व्यक्तिका बाँकी सबै पहिचान गौण हुन पुग्छन्। व्यक्ति हाड-छाला भएको, भोक लाग्ने, र ाजगारी आवश्यक पर्ने, राज्यप्रति मिश्रित भाव बोकेको विवेकशील मानिसबाट राष्ट्रियताको एक आयामिक पहिचान बोकेर हिँड्ने भीडको एउटा सदस्यमा बदलिन्छ।

*सेतोपाटीबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अमेरिकामाथि नेपालको सहज जित



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, काठमाडौं**

भीम सार्की र करण केसीको उत्कृष्ट प्रदर्शनमा नेपालले आईसीसी विश्वकप छनोटमा अमेरिकालाई ६ विकेटले पराजित गरेको छ।

अमेरिकाले दिएको २०८ रनको लक्ष्य नेपालले ४३ ओभरमा ४ विकेटको क्षतिमा भेट्टायो।

जितसँगै नेपालले शीर्ष ३ मा रहँदै सुपर सिक्समा पुग्ने सम्भावना कायमै राखेको छ।

चौथो विकेटका लागि भिम र दिपेन्द्र सिंह ऐरीले ७४ रनको अविजित साझेदारी गरेपछि नेपालले अमेरिकाविरुद्ध सहज जित निकालेको हो।

ओडिआई करियर कै उच्च प्रर्दशन गरेका भीमले ७७ रनको योगदान दिए। भीम सार्की ११४ बलमा ७ चौका र १ छक्का हान्दै ७७ रनमा नटआउट रहे।

दिपेन्द्र सिंह ऐरी ३९ बलमा नटआउट रहे। दिपेन्द्रले ३२ बलमा ५ चौका र १ छक्का हाने।

ओपनर कुशल भुर्तेलले ३९ रनको योगदान दिए। ५४ बलको सामना गरेका कुशलले ४ चौका र १ छक्का हाने।

कप्तान रोहित पौडेलले १६, कुशल मल्लले १३ तथा आशिफ शेखले १२ रन थपे।

त्यसअघि जिम्बाब्वेको ताकशिंगा स्पोर्ट्स क्लबमा नेपालले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको अमेरिका ४९ ओभरमा २०७ रन बनाउँदा अलआउट भयो।

अमेरिकालाई सामान्य स्कोरमा रोक्न नेपालका करण केसी एक्लैले चार विकेट लिए। करण केसी आफ्नो नवौ ओभरमा १७ रन खर्चे। करणले ९ ओभरमा ३ मेडन राख्दै ३३ रन दिएर ४ विकेट लिए।

करणले दशौं ओभरको दोस्रो बलमा नोसथुस केन्जीगलाई आरिफ शेखको हातबाट क्याच आउट पवेलिएनको बाटो देखाए। करणले नै आठौं ओभरको पाँचौं बलमा आरोन जोन्सलाई कुशल भुर्तेलको हातबाट क्याच आउट गराए।

दोस्रो ओभरको पाचौं बलमा स्टेभन टेलरलाई एलबीडब्लु धरापमा पार्दै नेपाललाई पहिलो सफलता दिलाएका थिए। करणले नै दोस्रो ओभरको अन्तिम बलमा साइतेजा मुक्कामल्लालाई आरिफ शेखको हातबाच क्याच आउट गराए। करणले पाँच ओभरमा ४ विकेट लिन मात्र ७ रन खर्चिएका थिए।

गुलसन झाले ३ तथा दिपेन्द्र सिंह ऐरीले दुई विकेट लिए।

ललित राजवंशी एक विकेट आफ्नो नाममा गरे। किफायती बलिङ गरेका ललितले आफ्नो स्पेलमा मात्र २० रन दिदै १ विकेट लिए।

सन्दीप लामिछाने लगातार दोस्रो खेलमा विकेटविहिन बन्दा नेपालका लागि मंहगा सावित भए। सन्दीपले आफ्नो स्पेलमा ५८ रन दिदा विकेट लिन सकेनन्।

अमेरिकाका लागि सयान जहानगिर १ सय रनमा नटआउट रहे। ७९ बल खेलेका उनले ९ चौका र ३ छक्का हाने। संकटकाबीच सयानले ओडिआइ करियरमा पहिलो शतक पूरा गरे। ७९ बलमा १० चौका र ३ छक्का मद्दतमा उनले १ सय रन पूरा गरे। शुसान्त मोदानीले ४२, गजानन्द सिंहले २६ र जस्सी पटेलले १२ रन बनाए।

अन्य ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन्।

नेपालले अब बिशिबार वेष्ट इण्डिजसँग खेल्नेछ। भने समूह चरणको अन्तिम खेलमा नेदरल्याण्डसँग खेल्ने तालिका छ।

# सातै प्रदेशमा पानी पर्ने, कोशी, मधेश र गण्डकीमा 'भारी वर्षा'को सम्भावना

**खबर दर्पण समाचारदाता**

**असार ५ गते, काठमाडौं**

आज (बुधबार) सातै प्रदेशमा वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। अहिले (बिहान) पनि बागमती प्रदेशको चितवन, गण्डकी प्रदेशको नवलपुर क्षेत्र तथा लुम्बिनी प्रदेशका प्युठान, गुल्मीतिर पानी परिरहेको महाशाखाका मौसमविद् समीर श्रेष्ठले जानकारी दिए।

महाशाखाका अनुसार दिउँसो देशभर आंशिकदेखि सामान्य बदली (आकाशमा बादल) रहनेछ। बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

यस्तै राति पनि देशभर आंशिकदेखि सामान्य बदली रहनेछ। कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान र देशका बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, मधेश र गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको महाशखाले जनाएको छ।

**काठमाडौंमा साँझपख वर्षा हुने सम्भावना**

आज काठमाडौं उपत्यकामा पनि वर्षाको सम्भावना रहेको मौसमविद्ले बताएका छन्।

मौसमविद् समीर श्रेष्ठका अनुसार काठमाडौं उपत्यकामा साँझपख वर्षा हुने सम्भावना देखिएको हो। 'दिनभरिलाई वर्षाको सम्भावना देखिएको छैन, साँझपख पानी पर्नसक्छ', उनले भने, 'तर त्यस्तो ठूलो वर्षाको सम्भावना छैन, हल्का वर्षा हुने देखिएको छ।'

महाशाखाले आगामी २४ घण्टा (बिहीबार बिहान ६ बजेसम्म) का लागि चेतावनी तथा परामर्श पनि जारी गरेको छ।

त्यसमा भनिएको छ- देशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै कोशी, मधेश र गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको हुनाले मेघगर्जन/चट्याङ, बाढी, पहिरो, भूक्षय तथा गेग्रान बहाव तथा वर्षाका कारण नदीको स्तर बढेर हुनसक्ने जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

मौसमविद्का अनुसार २४ घण्टामा- १० मिलिमिटरभन्दा मुनि पानी पर्नुलाई हल्का वर्षा, १० मिलिमिटरदेखि माथि ५० मिलिमिटरभन्दा मुनि पानी पर्नुलाई मध्यम वर्षा तथा ५० भन्दा माथि सय मिलिमिटरभन्दा मुनि पानी पर्नुलाई भारी वर्षा भनिन्छ।

महाशाखाका अनुसार हाल देशको पूर्वी तथा मध्य क्षेत्रमा मनसुनी प्रणाली (पानी पार्ने प्रणाली) को प्रभाव छ भने देशका बाँकी स्थानमा स्थानीय वायु र पश्चिमी वायुको आंशिक प्रभाव छ।

# चूडामणि शर्मालाई ९ वर्ष कैद



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, काठमाडौं**

विशेष अदालतले कर फर्छ्यौट आयोगको भ्रष्टाचार मुद्दामा हालसम्मकै बढी बिगो र जरिवाना तोकेको छ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले ९ वर्ष कैद र अहिलेसम्मकै बढी बिगो र जरिवाना तोकेको हो।

कर फर्छ्यौट आयोगका अध्यक्ष लुम्बध्वज महतलाई ९ वर्ष १ महिना कैद तोकिएएको छ। आगोगका सदस्य उमेश ढकाल र सदस्य सचिव आन्तरिक राजस्व विभागका तत्कालिन महानिर्देशक चूडामणि शर्मालाई त्योभन्दा एक महिना कम ९ वर्ष कैद सजाय तोकिएको छ।

उनीहरुलाई ६ अर्ब १५ करोड ७० लाख ४६ हजार ४७ रुपैयाँ बिगो कायम गरेको छ। यो मुद्दाका दोषिले २ अर्ब ५ करोड ४६ लाख ९ हजार ९४९ रुपैयाँका दरले बिगो तिर्नुपर्ने छ।

विशेष अदालतका प्रवक्ता दिपेन्द्रनाथ योगीका अनुसार उनीहरुले जनही ४ अर्ब १० करोड ४६ लाख ९७ हजार ९ रुपैयाँ जरिवाना तिर्नुपर्नेछ। बिगो र जरिवाना गरेर हरेकले ६ अर्ब १६ करोड ४० लाख ९६ हजार ८४७ रुपैयाँ तिर्नुपर्नेछ।

विशेष अदालतले उनीहरुलाई यसअघि नै दोषि ठहर गरे पनि सजाय निर्धारण गर्न बाँकी थियो।




बर्दिवास नगरपालिका

जन्मदिनको हार्दिश शुभकमना



जन्म मितिः- २०७९ /०३/०६

१९ औं वर्ष पुरा गरी २० औं वर्षमा प्रवेश गर्नुभएका शिरिष अनलाईन र खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकाका संवाददाता द्विवेशकुमार महतोलाई जन्मदिनको हार्दिक मंगलमय शुभकामना ।

शिरिष न्युज परिवार

# जिल्ला अदालत धनुषामा ढुंगामुढा, प्रहरी प्रदर्शनकारी बीच झडपमा चारजना घाइते, एक पक्राउ



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, जनकपुर**

जिल्ला अदालत धनुषामा मंगलबार दिउँसो ढुंगामुढा भएको छ । धनुषामा शंकास्पद मृत्यु भएकी आरती साहलाई न्यायको माग गर्दै प्रदर्शन गरिरहेका प्रदर्शनकारीले अदालतमा पनि ढुंगामुढा गरेका हुन् ।

प्रहरीले हत्यामा संलग्नलाई जोगाउन खोजेको भन्दै साहको माइती पक्षले अदालतबाहिर प्रदर्शन गरेका थिए । त्यसै क्रममा अदालतमा ढुंगामुढा भएको हो ।

मृतक आरतीको माइतीपक्षले अदालत परिसरमा ढुंगामुढा गर्दा प्रहरीसँग झडप समेत भएको छ । झडपको क्रममा प्रहरीले लाठीचार्ज गर्दा चारजना घाइते भएका छन् ।

घाइते हुनेहरुमा नगराईन नगर पालिका-८ खिरखिरिया बस्ने लिला देवी, लाडो बति देवी, कृष्णा साह र प्रवीण साह रहेका छन् । प्रहरीले सोही ठाउँ बस्ने गोविन्द साहलाई पक्राउसमेत गरेको छ ।

परिवारजनले घटनाको निष्पक्ष अनुसन्धान र दोषीमाथि कारबाहीको माग गर्दै प्रदर्शन गरेका छन् । पीडित परिवारलाई उल्टै धनुषाका एसपी विश्वराज खड्का र डीएसपी वेदप्रसाद गौतमले कुटपिट गरेको भन्दै उनीहरूलाई तत्काल कारबाही गर्न माग गर्दै विरोध गरिएको हो ।

गत जेठ ७ गते साँझ जनकपुर धाम उपमहानगरपालिका-९ थापाचोक बस्ने मोतीबाबु साहका श्रीमती २२ वर्षीय आरतीको रहस्यमय मृत्यु भएको थियो । उनीहरूले एसपी र डीएसपीलाई निलम्बन गरी कारबाही गर्नुपर्ने, जिल्ला न्यायाधिवक्ता, पोस्टमार्टममा संलग्न डाक्टरमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्ने, हत्याको सीआइबीद्वारा जाँच लगायत ६ सुत्रीय माग राखेका छन् ।

उनीहरूले काठमाडौमा पनि धर्ना दिएका छन् । हत्यारालाई कडा कारबाहीको माग गर्दै बुबा आमासहित परिवारजन शनिबारदेखि काठमाडौंमा धर्नामा बसेका छन् ।

धनुषाको मिथिला बिहारी नगर पालिका-३ मिथिलेश्वर मौवाही घर भई हाल जनकपुरधाम-९ थापा चोकमा रहँदै आएकी २२ वर्षीय आरतीकुमारी साहको मृत्यु भएको थियो । उनको दाइजोका कारण हत्या गरिएको माइतीपक्षको आरोप छ ।

दहेजको थप रकम नदिदाँ पटक पटक आरतीलाई उनीहरुले कुटपिट गर्दै शारीरिक र मानसिक यातना दिँदै आएको आरोप छ । करिब दुई वर्षअघि २५ लाख नगद दिएर आरतीको विवाह मोतीबाबुसँग गरेको मृतकका बुबा विनोदले बताए ।

यसअघि पनि आफ्ना छोरीलाई उनका श्रीमान्, ससुरा र सासू मिलेर थप दाइजो माग गर्दै आएको विनोदको दाबी छ । उनले भने, 'दहेजको थप रकम नदिदाँ पटक पटक आरतीलाई उनीहरुले कुटपिट गर्दै शारीरिक र मानसिक तनाव दिँदै आएका थिए ।'

'छोरीलाई कुटपिट गरेको देख्दा मैले धेरैपटक रकम पनि दिएँ,' उनले भने, 'अन्ततः उसको श्रीमान्, ससुरा, सासू र देवर मिलेर कुटपिट गर्नुका साथै घाँटी थिचेर हत्या गरे ।'

स्थानीयवासीलाई उद्धृत गर्दै मृतकका बुबा विनोदले भने, 'घाँटी थिचेपछि आरती कराएकी थिइन्, त्यसपछि टोलका मानिसहरु भेला हुन थालेपछि आरतीले झुण्डेर आत्महत्या गर्यो भन्दै नाटक गरियो ।'

उनले विगतमा पनि पटक-पटक थप दहेजका लागि आरतीलाई उनीहरुले दबाब र कुटपिट गर्दै आएको दाबी गरे । दहेजकै रकमका लागि उनको टाउकोलगायत शरीरका विभिन्न भागमा कुटपिट गरी घाँटी थिचेर हत्या गरेको विनोदको आरोप छ । आरतीका ससुरा, श्रीमान् र सासूले पोल खुल्ने डरले मृत शरीर नै काव्या अस्पतालमा उपचारका लागि लगेको उनको दाबी छ । उनले आरतीले झुण्डेर आत्महत्या गर्यो भन्दै आफूलाई साँझ फोन गरेर जानकारी गराइए पनि घटना भने दिउँसै घटाइएको जिकिरसमेत गरेका छन् ।

# आरती साहको मृत्यु प्रकरण : श्रीमान् र ससुरालाई थुनामा पठाउने आदेश

**खबर दर्पण समाचारदाता**

**असार ५ गते, जनकपुर**

धनुषा जिल्ला अदालतले रहस्यमय मृत्यु भएको आरती साहको मुद्दामा अभियुक्त बनाइएका उनका श्रीमान् र ससुरालाई थुनामा पठाउने आदेश दिएको छ ।

जिल्ला अदालत धनुषाका न्यायाधीश रामप्रसाद न्यौपानेको एकल इजलासले आरतीका श्रीमान् मोतिबाबु साह र ससुरा मदन मोहन ब्याहुत सुडीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो ।

गत जेठ ७ गते साँझ आफ्नै घरमा मृत अवस्थामा फेला परेकी आरतीको हत्या भएको भन्दै माइती पक्षले जाहेरी दिएपछि प्रहरीले आरतीका श्रीमान् मोतीबाबु र ससुरा मदन मोहनलाई पक्राउ गरी अनुसन्धान गरेको थियो ।

आफ्नै घरमा झुण्डिएको अवस्थामा फेला परेकी भनिएकी आरतीको गाला लगायत शरीरका अन्य भागमा पनि घाउचोट भेटिएपछि उनको हत्या भएको भन्दै किटानी जाहेरी दिइएको थियो ।

त्यसपछि अनुसन्धान गरेको प्रहरीले घटनामा आरतीका श्रीमान् र ससुराको संलग्नता रहेको भन्दै प्रतिवेदन दिएपछि जिल्ला सरकारी वकिल कार्यालय धनुषाले अदालतमा मुद्दा दायर गरेको थियो ।गत असार १ गते दर्ता भएको उक्त मुद्दामा असार ३ गतेदेखि लगातार थुनछेक बहस भएको थियो । प्रतिवादीतर्फ धेरै कानुन व्यवसायी रहेको कारण हेर्दाहेर्दैमा राखेर उक्त मुद्दामा बहस सुनिएको थियो ।

मंगलबार खाजा समयअघि बहस सकिएपछि न्यायाधीश रामप्रसाद न्यौपानेको इजलासले दुवै प्रतिवादीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो ।

# मानमहन्त जगरनाथ दास वैष्णव थुनामा गएसँगै सहयोगीहरु फरार



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, महोत्तरी**

रूपन्देहीमा सरकारी कागजात र छाप किर्ते गरेको अभियोगमा पुर्पक्षका लागि थुनामा राखिने जिल्ला अदालत रुपन्देहीको आदेशबाट जगरनाथ दास वैष्णव थुनामा गएसँगै सहयोगीहरु फरार भएका छन् ।

गत सालको पुस २९ गते पुर्पक्षका लागि थुनामा राख्न जिल्ला अदालत रुपन्देहीले आदेश दिएको थियो । तर जिल्ला अदालतले दिएको आदेश विपरीत दासलाई प्रहरीले झण्डै डेढ महिना रुपन्देहीको सुविधा सम्पन्न सिद्धार्थ सिटी अस्पताल भैरहवामा राखेका थिए ।

थुनामा राख्ने आदेश हुँदा अदालत परिसरमा नै रहेका जगरनाथ दासलाई प्रहरीले उपचारका लागि भन्दै भैरहवास्थित सिद्धार्थ सिटी अस्पतालमा पुर्‍याएको थियो । उनको स्वास्थ्य परीक्षण सरकारी अस्पतालमा गराइएन् ।कारागारमा नलगी सोझै निजी अस्पतालमा दासलाई राखिएको थियो ।

उच्च अदालत बुटवलको इजलासले दासको अवस्थाबारे जानकारीका लागि पत्राचार गर्दा कारागार कार्यालयले जगरनाथ दास नामको व्यक्ति कारागारमा दाखिला नभएको माघ १२ गतेको पत्रद्वारा जानकारी गराएको थियो ।

सरकारी नियम कानुन अनुसार पक्राउ परेका व्यक्तिको स्वास्थ्य परीक्षण सरकारी अस्पतालमा गराइन्छ । बिरामी देखिए त्यहीं उनको उपचारको प्रवन्ध मिलाइन्छ । तर रुपन्देही प्रहरीले महन्तलाई सरकारी अस्पतालमा उपचारका लागि लगिएको देखिदैन् ।जिल्ला अदालत रुपन्देहीले महन्त दासका प्रमुख शिष्य श्रवण यादवलाई वैशाख ५ गते ३५ दिने पक्राउ पुर्जी जारी गरेको छ । सोही मुद्दामा जनकपुरधाम उपमहानगर पालिका -१४ मुजेलियाका गंगाप्रसाद साहका छोरा उपेन्द्र कुमार साहलाई पनि पक्राउ पुर्जी जारी गरेको छ । महन्त दासले रुपन्देही स्थित मठको जग्गा बिक्री गरी बैंकमा रकम राखेको खाता जिल्ला प्रशासन कार्यालय रुपन्देहीले रोक्का गरेको थियो । तर जगरनाथ दास वैष्णवले सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर र जिल्ला प्रशासन कार्यालय रुपन्देहीको छाप, लेटरप्याडसमेत किर्ते गरी बैंकबाट सो रुपैयाँ यादव र साहको खातामा ट्रान्सफर गरेका थिए ।

जिल्ला प्रशासन कार्यालयले किर्ते जालसाजी सम्बन्धी मुद्दा दायर गरेपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीले दासलाई मटिहानी स्थानबाट नै पक्राउ गरी रुपन्देही पठाइएको थियो ।

तर दासलाई निकै समय अस्पतालमा नै राखिएपछि उच्च अदालतले चासो लिएको थियो । प्रहरी अनुसन्धानको क्रममा पनि उनलाई अस्पतालको सुविधा उपलब्ध गराइएको थियो । अदालतले थुनामा राख्न आदेश दिएपछि जगरनाथ दास कारागार चलान भएका छन् । जगरनाथ दासले गुठी संस्थानको सयौं बिघा जमिन अवैध रुपमा बेचबिखन गरेको आरोप छ ।

मटिहानी स्थानका जनकपुरधाम लगायत विभिन्न शहरहरुमा रहेका महत्वपूर्ण जग्गा बिक्री गरिसकेका छन् । उनको जग्गा बेचबिखनका मतियारहरु भने अहिले उनको साथ छाडेका छन् ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
रूफटप होटल एण्ड गेष्ट हाउस
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)

यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
सोनमा गाउँपालिका कार्यालय
महोत्तरी

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
गौशाला नगरपालिका कार्यालय
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा